सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

आदेश

०७८-WH-०१७६

मुद्दाः बन्दीप्रत्यक्षीकरण।

| | |
|---|---|
| भुवन प्रसाद काफ्लेको नाती, चेवनप्रसाद काफ्लेको छोरा, जिल्ला रामेछाप, सालु गा.वि.स. हाल मन्थली न.पा. वडा नं.४ घर भई भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं.२ बसोबास गरी आएको हाल कारागार कार्यालय रामेछापमा थुनामा रहेको गाण्डिव काफ्लेको हकमा ऐ. को दाजु ऐ. को नाती ऐ. को छोरा भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं.२ बस्ने सिजन काफ्ले-------------------१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| उच्च अदालत पाटन, ललितपुर------------------------------------------१<br>रामेछाप जिल्ला अदालत, मन्थली------------------------------------------१<br>कारागार कार्यालय रामेछाप, रामेछाप----------------------------------------१<br>जिल्ला प्रहरी कार्यालय रामेछाप------------------------------------------१ | विपक्षी प्रत्यर्थी |

नेपालको संविधानको धारा ४६ र धारा १३३ को उपधारा (२) बमोजिम यसै अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

तथ्य खण्ड

१. निवेदक गाण्डिव काफ्ले विरुद्ध चलेको बैंकिङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।६।५ मा फैसला भएको र फैसलाको क्रममा निवेदकको कानून

ब्यवसायी उपस्थित भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३) बमोजिम फैसला प्रमाणित भएको मिति २०७६।७।५ मा निवेदकले फैसलाको जानकारी प्राप्त गरेको भन्ने आधारमा पुनरावेदनपत्र दरपीठ भएको थियो । उक्त दरपीठको आदेश वेरितपूर्ण भएको भन्ने निवेदन सम्मानित अदालतमा विचाराधिन भएकोले सोको अन्तिम निर्णय (निकासा) नभएसम्म उच्च अदालतको फैसला अन्तिम हुनसक्दैन । कानूनतः अन्तिम नभएको फैसला कार्यान्वयन हुनसक्दैन। कुनै विवादमा सुनवाई गरी निर्णय सुनाउनु र फैसला गर्नु फरक अबस्था भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(४)(५) र (६),(६क) र (७) लगायतको प्रावधानबाट प्रष्ट हुन्छ। निवेदकउपर दायर भएको बैंकिङ्ग कसूर मुद्दामा मिति २०७६।६।५ मा निर्णय भएको हो। उक्त दिन फैसला गरी निवेदक वा निवेदकको कानून ब्यवसायीलाई फैसलाको प्रतिलिपि उपलब्ध गराइएको अबस्था होइन। फैसलाको प्रति प्राप्त गरेपछि मात्रै के आधारमा फैसला भएछ भनी जानकारी पाउने, कानूनी परामर्श लिने, पुनरावेदन तयार गर्ने र दर्ता गर्ने कार्य हुनसक्दछ। लिखित फैसला दिननसकेको अबस्थामा निर्णय भएको दिन फैसला थाहा पाएको भन्न नमिल्ने ने.का.प. २०७४ नि.नं. ९८४२ पृ. १२२० मा सिद्धान्त प्रतिपादन भएको छ।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५३(१)(क) मा कानून बमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए सोको अन्तिम किनारा नभएसम्म तथा पुनरावेदन लाग्ने म्यादसम्म फैसला कार्यान्वयन हुननसक्ने किटानी ब्यवस्था छ । निवेदकले कानूनबमोजिम पुनरावेदन दर्ता गर्न पेश गरेको पुनरावेदनपत्र वेरितपूर्णरुपमा दरपीठ गरी इजलास समक्ष विचाराधिन रहेको अबस्थालाई पुनरावेदन गर्ने म्यादभित्र रहेको मानिन्छ । कानूनी कारवाई सुन्य हुने र सोको अन्तिम नहुँदै नागरिक उपर कारवाई हुने परिकल्पना समेत गर्न मिल्दैन ।

३. उच्च अदालत पाटनबाट भएको फैसलाउपर पुनरावेदन दायर हुने वा नहुने सम्मानित अदालतमा विचाराधिन रहेको छ । अदालतमा विचाराधिन विषयलाई रुपान्तरण गर्ने कार्य राज्य संयन्त्र एवं मातहतको निकायबाट हुनसक्ने होइन । उच्च अदालत पाटनको फैसला बमोजिमको कायमी लगत भविष्यमा सुन्यकृत हुनसक्ने पुनरावेदन तहको उपचार अन्तिम नहुँदै तल्लो अदालतको फैसलाद्धारा कायमी लगत बमोजिम निवेदकलाई पक्राउ गरी थुनामा राखिएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

को दफा १५३, न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) र Extended Jurisdiction (ने.का.प. २०६४ नि.नं. ७८४३ पृ. ५३९) मानिने पुनरावेदनको मान्य सिद्धान्त प्रतिकुल रहेको छ।

४. प्रस्तुत फैसलामा निवेदकलाई भएको कैद सजाय भुक्तान भैसकेको अबस्था छ भने हाल थुनामा राखिएको जरिवाना बापत हो उच्च अदालतबाट रु.२५,००,०००।- धरौटी माग भएकोमा मैले तत्कालिन समयमा रु.३६,००,०००।- मुल्य पर्ने पिताको नाउँको जग्गा धितो दिएको छ । उक्त धितो यथावत रोक्का छ । सोहि धितो पुनरावेदन तथा फैसला कार्यान्वयन समेतको लागि दिने पिताको मञ्जुरी रहेको अबस्थामा सोबाट असुलीको कारवाई नै नगरी पुनरावेदकलाई पक्राउ गरी थुनामा राखिएकोले निवेदकको संविधानको धारा १६, १७(२),(३),१८(१) र २०(९) द्धारा प्रदत्त मौलिक हक हनन भएको निवेदन गर्दछु । प्रत्यर्थीबाट निवेदकलाई मिति २०७८।१२।८ मा पक्राउ गरी मिति २०७८।१२।९ देखि लागू हुने गरी १० वर्षको कैद ठेकी थुनामा राखेको रामेछाप जिल्ला अदालत, मन्थलीको मिति २०७८।१२।९ को च.नं.२६२१ को कैद पुर्जि लगायतसम्बन्धी काम कारवाही कानूनी प्रतिकूल भएकवले निवेदकलाई नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी गैरकानूनी थुनामुक्त गरी पाउँ भनी निवेदक गाण्डिव काफ्लेको हकमा सिर्जन काफ्लेको यस अदालतमा दायर हुन आएको निवेदनपत्र।

५. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्ने भनी विपक्षीको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिई निवेदकले दायर गरेको ०७७-RE-०२०५ को निवेदन अवलोकनार्थ इजलासमा पेश गरी नियमानुसार गर्नुहोला भनी मिति २०७८।१२।१३ मा यस अदातबाट भएको आदेश।

६. राजिव श्रेष्ठको जाहेरीले वादी नेपाली सरकार प्रतिवादी गाण्डिव काफ्ले भएको बैंकिङ्ग कसूर (०७५-CB-००९०) मुद्दा यस अदालतबाट मिति २०७६/६/५ मा फैसला

भई सम्मानित सर्वोच्च अदालतमा प्रतिवादी गाण्डिव काफ्लेको पुनरावेदन परी सम्मानित सर्वोच्च अदालतको च.नं.७७२-१-१३४५२ (मु.नं.०७७-RE-०२०२) मिति २०७७/९/२७ को पत्रबाट माग भएको हुँदा यस अदालतको च.नं.७१३ मिति २०७७/१०/२ को पत्रबाट सम्मानित अदालतको मुद्दा तथा रीट महाशाखा मुद्दा शाखा क निवेदन-४ फाँट मुद्दा नं. (०७७-RE-०२०२) मा समावेश हुने गरी सक्कल मिसिल पठाईएको हुँदा सोही व्यहोरा जानकारी गराउँदै यस अदालतबाट कानून बमोजिम फैसला भएको र निवेदकको संविधान प्रदत्त मौलिक हकको हनन हुने कार्य यस अदालतबाट नभए नगरेको हुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनु पर्ने होईन। प्रस्तुत रिट निवेदन यस अदालतको हकमा खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने बेहोराको उच्च अदालत पाटनका उप-रजिष्ट्रार श्री कृष्णशरण लामिछानेको तर्फबाट यस अदालतमा दायर गरेको लिखित जवाफ।

७. राजीव श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गाण्डिव काफ्ले भएको बैंकिङ्ग कसूर (०७५-CB-००९०) मुद्दामा निज प्रतिवादीलाई कसूरदार ठहऱ्याई १० दिन कैद, रु.३१,७१,८००।-जरिवाना हुने गरी श्री उच्च अदालत पाटनबाट मिति २०७६।०६।०५ मा भएको फैसलालाई कार्यान्वयन गर्ने क्रममा निज गाण्डिव काफ्लेलाई खोजतालश गर्दै जाँदा मिति २०७८।१२।०८ गते दिनको अं. १६.३० बजेको समयमा यस कार्यालयमा कार्यरत रहेका प्र.ज. भिमबहादुर बि.क.ले जिल्ला प्रहरी कार्यालय काभ्रेसँग समन्वय गरी फरार प्रतिवादी गाण्डिव काफ्लेलाई जिल्ला काभ्रे धुलीखेल बसपार्कमा फेला पारी प्रतिवेदन सहित यस कार्यालयमा दाखिला गरेको हुँदा निज गाण्डिव काफ्लेलाई मिति २०७८।१२।०९ गते सम्मानित रामेछाप जिल्ला अदालतमा उपस्थित गराउँदा सम्मानित अदालतको च.नं. २६२१ मिति २०७८।१२।०९ गतेको पत्रद्वारा निज गाण्डिव काफ्ले मिति २०८८।१२।०९ गते कैद मुक्त हुने गरी कारागार कार्यालय रामेछाप चलान गरिएको हुँदा रिट निवेदनको दावी जिकिरको व्यहोरा युक्ति संगत नभएकोले निवेदकको माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था नहुँदा निवेदकको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख प्र.ना.उ. श्री राजकुमार थिङको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ।

८. प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम अधिकार प्राप्त निकायको आदेशबाट मात्र कैदी बन्दीलाई कार्यालयको बन्दी गृहमा थुनामा राख्न सकिने, कारागार कार्यालयको बन्दी गृहभित्र रहेका कुनै पनि कैदी बन्दीलाई अधिकारप्राप्त निकायबाट भएको आदेश बमोजिम मात्रै थुनामुक्त/कैदमुक्त गर्न सकिने र थुनामा राख्न वा थुनामुक्त /कैदमुक्त गर्ने सम्बन्धमा कारागार कार्यालयको कुनै स्वविवेकीय अधिकार नरहने भएकोले प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेजयोग्य भएकोले खारेज गरी पाउँ भन्ने बेहोराको कारागार कार्यालय रामेछापका कारागार प्रमुख श्री रामकृष्ण घिमिरेको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ।

९. निवेदक गाण्डिव काफ्लेले राजिव श्रेष्ठको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी गाण्डिव काफ्ले भएको बैंकिङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनको मिति २०७६।०६।०५ को फैसलासँग सम्बन्धित विषयमा सर्वोच्च अदालतमा निवेदन दिइ सो निवेदन सर्वोच्च अदालतबाट दरपीठ भई सो उपर सम्मानित अदालत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १० बमोजिम निवेदन गरेकोमा सो निवेदन कार्वाहीको क्रममा नै रहेको भन्ने सम्बन्धमा कुनै लिखित जानकारी पनि नगराएको र दरपीठ आदेशको भरमा मात्र फैसला कार्यान्वयन रोक्न नमिल्ने हुँदा निजलाई यस अदालतबाट कानून बमोजिम नै कैदी पुर्जी जारी गरी पठाइएको हो। उच्च अदालतको मिति २०७६।०६।०५ गतेको फैसला बमोजिम प्राप्त भएको लगत यस अदालतको लगत किताबमा दर्ता गरी प्रहरीले निज निवेदक गाण्डिव काफ्लेलाई कानून बमोजिम पक्राउ गरी ल्याएको र निजले सो जरिवाना तत्कालै बुझाउन सक्दिन भनी यस अदालतमा कागजसमेत गरिदिएकोले निज निवेदक गाण्डिव काफ्लेलाई कानून बमोजिम नै च.नं.२६३१ मिति २०७८।१२।९ मा कैदी पूर्जी जारी गरी कैदमा राख्न कारागार कार्यालय रामेछापमा पठाइएको हुँदा निवेदकको निवेदन माग बमोजिम हुनु पर्ने होइन, प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको रामेछाप जिल्ला अदालत, मन्थलीको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ।

१०. यसमा यिनै निवेदकले उच्च अदालत पाटनले गरेको फैसलामा पुनरावेदन गर्ने म्यादको सम्बन्धमा रजिष्ट्रारले गरेको दरपीठ आदेशउपर निवेदन दिई ०७७-RE-०२०२ को प्रतिवेदन विचाराधिन रहेको देखिएको छ। सो प्रतिवेदनमा रहेको कानूनी प्रश्न र प्रस्तुत बन्दीप्रत्यक्षीकरण निवेदन एक अर्कोमा अन्तरप्रभावी रही एकैसाथ सुनुवाई गर्नुपर्ने

प्रकृतिको देखिँदा उक्त ०७७-RE०२०२ को प्रतिवेदन र प्रस्तुत निवेदनसमेत लगाउमा राखी मिति २०७९।०१।०६ गतेको पेशी तोकी नियमानुसार पेश गर्नू भनी मिति २०७८।१२।२८।२ मा यस अदालतबाट भएको आदेश।

## आदेश खण्ड

११. दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री शरदप्रसाद कोइराला, श्री खडानन्द कँडेल श्री किरण पौडेलले निवेदक गाण्डिव काफ्लेउपर बैंकिङ्ग कसूर सम्बन्धमा उच्च अदालत पाटनबाट मिति २०७६।६।५ मा भएको फैसलाउपर चित्त नबुझी निवेदकले यस अदालतमा पुनरावेदन गरेकोमा यस अदालतका सहरजिष्ट्रारबाट मिति २०७७।८।३ मा दरपीठ गरेउपर मिति २०७७।८।१४ मा उक्त दरपीठको आदेश बदर गरी पाउँ भनी निवेदन गरेको र सो निवेदन यसै अदालतमा विचाराधिन अवस्थामा रहेको हुँदा निज निवेदकलाई जिल्ला प्रहरी कार्यालय रामेछापले मिति २०७८।१२।०८ मा दिन पक्राउ गरी जिल्ला अदालत रामेछापमा उपस्थित गराएकोमा मिति २०७८।१२।०९ को च.नं. २६२१ को पत्र मार्फत् उक्त जिल्ला अदालतले १० वर्ष कैद ठेकी कारागार कार्यालय रामेछापमा थुनामा पठाएको हो। बैंकिङ्ग कसूर मुद्दामा निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (४) बमोजिम थाहा पाएको मितिबाट ऐ. को दफा १३४(१) बमोजिमको म्यादै भित्र जरिवाना वापत निवेदकको पिताको हक दर्ताको जग्गा धितो दिई पुनरावेदन दर्ता गर्न पेश गरेको मुद्दामा बहस हुँदा प्रतिवादीको कानून व्यवसायी उपस्थित भएको र मिति २०७६।७।५ मा फैसला प्रमाणिकरण भएकोले सो मिति नै म्याद कायम हुने भएकोले सो मितिले सोही ऐनको दफा १३४(१) तथा थाम्ने थमाउने म्याद नघाई आएको भनी रजिष्ट्रारबाट पुनरावेदनपत्र मिति २०७७।८।३ मा दरपीठ भएकोले सो दरपीठ आदेश बदर गरिपाउँ भनी यस अदालतमा दिएको निवेदन विचाराधिन रहेकै अवस्थामा निवेदकलाई मिति २०७८।१२।०८ मा पक्राउ गरी १० वर्ष कैद ठेकी थुनामा राखेको रामेछाप जिल्ला अदालत, मन्थलीको मिति २०७८।१२।०९ को कैद पूर्जी लगायत तत् सम्बन्धी काम कारवाही कानून प्रतिकूल भएकोले निवेदकलाई नेपालको संविधान धारा ४६ र १३३(२)(३) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत

जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१२. विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले निवेदक प्रतिवादी गाण्डिव काफ्ले भएको बैंकिङ्ग कसूर मुद्दा उच्च अदालतबाट मिति २०७६।६।५ मा फैसला भई सम्मानित यस सर्वोच्च अदालतमा प्रतिवादीको पुनरावेदन परी यस अदालतका सहरजिष्ट्रारबाट मिति २०७७।८।३ मा दरपीठ गरे उपर मिति २०७७।८।१४ मा उक्त दरपीठको आदेश बदर गरी पाउँ भनी निवेदन गरेको र सो निवेदन यसै अदालतमा विचाराधिन अवस्थामा रहेको छ। उच्च अदालत पाटनबाट कानून बमोजिम फैसला भएको छ। उच्च अदालत पाटनको फैसला कार्यान्वयन गर्न रिट निवेदकलाई कानून सम्मत रुपमा पक्राउ गरी राखेको कार्यलाई गैरकानूनी भन्न नमिल्ने र निवेदकको संविधान प्रदत्त मौलिक हकको हनन हुने कार्य नभएको हुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनु पर्ने होइन प्रस्तुत रिट खारेज गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१३. उपरोक्तानुसारको बहस सुनी रिट निवेदन, लिखित जवाफको व्यहोरा तथा बहस बुँदाका अतिरिक्त मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा, निवेदकको मागबमोजिमको विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१४. निर्णयतर्फ विचार गर्दा, राजिव श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी प्रस्तुत रिट निवेदनको निवेदक गाण्डिव काफ्ले भएको बैंकिङ्ग कसूर (०७५-CB-००९०) मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।६।५ मा भएको फैसला मिति २०७६।७।५ मा प्रमाणिकरण भएको र निवेदकले उक्त फैसला निजको कानून व्यवसायी मार्फत मिति २०७७।७।१८ मा सारी थाहा पाएको मिति कायम गरी मिति २०७७।८।३ मा यस अदालतमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(४) को आधारमा पुनरावेदनपत्र दायर गर्न पेश गरेकोमा यस अदालतका सहरजिष्ट्रारबाट उच्च अदालतको मिति २०७६।६।५ मा भएको फैसलामा उक्त दिनको बहसमा निवेदक (प्रतिवादी) को कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेकोले उक्त फैसला प्रमाणिकरण भएको मितिले यस ऐनको दफा १३४(१) मा तोकिएको म्याद तथा दफा १३४(४) बमोजिम १ वर्षभित्र पुनरावेदनपत्र

पेश नगरेकोले म्याद नाघी पेश हुन आएको पुनरावेदनपत्र मुलुकी देवानी संहिता, २०७४ को दफा १२८ बमोजिम मिति २०७७।०८।०३ मा दरपीठ गरिएको देखिन्छ।

१५. सहरजिष्ट्रारबाट दरपीठ भएको आदेशउपर सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १० बमोजिम इजलास समक्ष मिति २०७७।८।१४ मा दर्ता गरेको निवेदन पटक पटक पेशी चढेको अवस्था भए तापनि सोको सुनुवाई हुन नसकी रहेको अवस्थामा उच्च अदालत पाटनको मिति २०७६।६।५ मा भएको र मिति २०७६।७।५ मा प्रमाणिकरण भएको फैसला बमोजिमको लगत अनुसारको कैद भुक्तानी भई जरिवाना रु.३१,७१,८००।- असुली गर्न निवेदकलाई जिल्ला प्रहरी कार्यालय रामेछापले मिति २०७८।१२।८ मा पक्राउ गरी रामेछाप जिल्ला अदालतमा पेश गरेको रहेछ। प्रतिवादी (निवेदक) लाई उक्त अदालतबाट मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२)(क) बमोजिम १० वर्ष कैद तोकी मिति २०७८।१२।८ देखि मिति २०८८।१२।७ सम्म थुनामा राख्न कैद पूर्जि दिई कारागार कार्यालय रामेछापमा पठाएको रामेछाप जिल्ला अदालत तहसील शाखाको मिति २०७८।१२।९ को च.नं. २६२१ को पत्रमा उल्लेख छ।

१६. निवेदकले आफू प्रतिवादी भएको बैंकिङ्ग कसूर मुद्दामा भएको फैसला उपर दायर गर्न पेश गरेको पुनरावेदनपत्र दरपीठ गरेको आदेश कानून प्रतिकूल भएकोले बदर गरी पाउन इजलास समक्ष पेश गरेको निवेदनपत्रमा अन्तिम निर्णय नभएसम्म मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५३(१)(क) बमोजिम सुरु अदालतको फैसला कार्यान्वयन हुनसक्दैन। पुनरावेदनपत्र दायर गर्न शुरु अदालतमा पेश गरेको जेथा जमानत नै यस अवस्थामा फैसला बमोजिमको जरिवाना असुलीको लागि पक्राउ गरी थुनामा राखिएको कार्य गैरकानूनी भएकोले गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भनी बन्दीप्रत्यक्षीकरणको निवेदनपत्र दायर हुन आएको रहेछ। निवेदनपत्र एवं लिखित जवाफबाट प्रस्तुत निवेदपत्रमा निम्नानुसारको विवादको बुँदाहरु निरोपण गर्नु पर्ने देखिन आएको छ।

१. मुद्दाको सुनुवाई हुने पेशीका दिन भएको निर्णय फैसला वा निर्णय के हो?
२. मुद्दाको सुनुवाईको पेशीमा पक्ष र पक्षको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेमा र पक्ष वा निजको प्रतिनिधिले राय किताबमा फैसला सुनी पाएको

भनी सही गरेकोमा पुनरावेदन गर्ने म्यादको प्रयोजनको लागि फैसलाको जानकारी भएको मानिन्छ मानिन्दैन ?

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को व्यवस्थाले पक्षले पुनरावेदन गर्ने म्याद कसरी कहिले प्राप्त गरेको मानिन जान्छ।

४. निवेदकको थुना गैर कानूनी हो होइन? उत्प्रेषण, परमादेश र बन्दीप्रत्यक्षीकरण लगायत्का अन्य आवश्यक आदेश जारी हुनु पर्ने हो होइन?

१७. उपरोक्तानुसार पहिलो बुँदाको सन्दर्भमा विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) मा फैसला भएको थाहा पाएको मितिले पुनरावेदन गर्ने म्यादको सम्बन्धमा र दफा १३४(३) र (४) ले फैसला भएको थाहा पाउने दुई वटा अवस्था उल्लेख गरेको छ। दफा १३१(१), (३) र (४) मा फैसला भएको थाहा भएको वा थाहा पाएको मितिले बुझेको म्याद थाम्न पाउने म्यादभित्र पुनरावेदन गर्न पाउने व्यवस्था गरेको छ।

१८. फैसला उपर पुनरावेदन गर्ने म्याद कसरी कहिलेबाट शुरु हुन्छ? भनी हेर्न बुझ्नको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ र दफा १३४ का प्रावधानलाई सँग सँगै एकसाथ हेर्नु पर्ने हुन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को (४) मा "... **फैसला गर्दा न्यायाधीशले आफ्नो फैसलाको पूर्ण लेख तयार भएकोमा त्यस्तो पूर्ण लेख र तयार नभएकोमा आफ्नो निर्णयसम्म मात्र सुनाउन सक्नेछ**" र ऐ. को उपदफा (५) मा "**उपदफा (४) बमोजिम निर्णय मात्र सुनाइएकोमा न्यायाधीशले त्यस्तो निर्णयको छोटकरी विवरण राय किताबमा लेखी सहीछाप गरी मुद्दाका उपस्थित पक्षलाई समेत सहिछाप गराई राख्नु पर्ने छ**" भन्ने र ऐ.को उपदफा (६) मा "**उपदफा (५) बमोजिम निर्णय सुनाएकोमा न्यायाधीशले एक महिनाभित्र फैसला लेखी मिसिल संलग्न राख्नु पर्ने छ**" भन्ने व्यवस्था गरेको छ।

१९. उपरोक्त व्यवस्था हेर्दा, पेशीका दिन मुद्दाको सुनवाई भई निर्णय हुँदा पूर्णपाठ नै तयार भैसकेको छ वा निर्णय मात्र भएर निर्णयको निष्कर्ष संक्षिप्त रुपमा राय किताबमा मात्र लेखिएको छ? ती दुवै पक्षबाट हेर्नु पर्ने हुन्छ। सो दिन मुद्दाको फैसलाको "पूर्ण लेख" तयार नभएर राय किताबमा मात्र संक्षिप्त निर्णय लेखिएको भए, त्यो निर्णय मात्र हुन्छ, मुद्दाको तथ्य र प्रमाणको विश्लेषण गरेर राय वा टिपोट किताबमा उल्लेखित निर्णयका आधारमा मुद्दाको तथ्यको टिपोट सहित लेखेको फैसलालाई फैसलाको पूर्णपाठ

भनिन्छ। पक्षले फैसलाको यही पूर्ण पाठको नक्कल सारेर वा पुनरावेदनको म्यादबाट जानकारी पाएपछि पक्षले फैसलामा आफूलाई चित्त नबुझेको बुँदाहरु उल्लेख र खण्डन गरेर पुनरावेदन गर्नु पर्ने हुन्छ। सामान्य टिपोट कापी वा राय किताबमा उल्लेख गरेको संक्षिप्त निर्णयको आधारमा पुनरावेदन गर्न मिल्ने हुँदैन। यसैले फैसलाको पूर्ण लेखले टिपोट कापी वा राय किताबमा उल्लेख गरेको संक्षिप्त निर्णयले फैसलाको **"पूर्ण लेख"** को स्थान लिन सक्दैन। टिपोट कापी वा राय किताबमा उल्लेख भएको राय र निर्णय बमोजिम फैसलाको पूर्ण लेख तयार नभएसम्म पक्षलाई सो फैसला उपर विधिवत रुपले पुनरावेदन गर्ने प्रक्रिया आरम्भ गर्ने आधार नै स्थापित भई सकेको हुँदैन।

२०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(५) र १३४(३) मा मुद्दाको सुनवाईमा निर्णय हुँदाको दिन पक्षको उपस्थिति र कानून व्यवसायी पनि उपस्थित भएर बहस पैरवी गरेको र राय किताबमा पक्षले सही गरेको अवस्थालाई पक्षको पुनरावेदन गर्ने म्यादसँग सम्बन्धित रहेको जस्तो भाव आउने गरी उल्लेख गरिएको छ। कानूनमा भएका प्रावधानहरु एक आपसमा विरोधाभाषा (Conflicting) नभई एकापसमा परिपूरक (Supportive) हुने मानिन्छ। कानूनी प्रावधानहरुको सामञ्जस्यपूर्ण व्याख्या गर्नु पर्ने भनी ने.का.प. २०६४ नि.नं. ७८३६ पृ. ४६० मा सिद्धान्त प्रतिपादन भएको छ। यस कारणले मुलुकी फौजदारी कार्यविधि (संहिता) २०७४ को दफा १३१(४), (५) र ऐ. को दफा १३४(१), (३) र (४) को प्रावधानलाई एक अर्का प्रावधान बीच तादाम्यता हुने र व्यवहारमा पक्षको सुविधाको लागि प्रयोग हुन सक्ने गरी सामञ्जस्यपूर्ण रुपले व्याख्या गर्नु पर्ने हुन्छ।

२१. उपरोक्तानुसारको बुँदा नं.२ बमोजिम मुद्दाको सुनवाईको पेशीमा पक्ष र पक्षको कानून व्यवसायी उपस्थित भई बहस र पक्ष वा निजको प्रतिनिधिले राय किताबमा फैसला सुनी पाए भनी सही गरेकोमा पुनरावेदन गर्ने प्रयोजनको लागि फैसलाको जानकारी भएको मानिन्छ मानिदैन? भन्ने सन्दर्भमा हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(४) मा **"यस दफा बमोजिम फैसला गर्दा न्यायाधीशले आफ्नो फैसलाको पूर्ण लेख तयार भएकोमा त्यस्तो पूर्ण लेख र तयार नभएकोमा आफ्नो निर्णयसम्म मात्र सुनाउन सक्ने छ"** भन्ने र ऐ. को दफा (५) मा **"उपदफा (४) बमोजिम निर्णय मात्र सुनाएकोमा न्यायाधीशले त्यस्तो निर्णयको छोटकरी विवरण राय**

किताबमा लेखी सहिछाप गरी मुद्दाको उपस्थित पक्षलाई समेत सहिछाप गराई राख्नू पर्नेछ" भन्ने प्रावधान रहेको छ। ऐ. ऐनको दफा १३४(१) मा "अदालतले गरेको वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्न सक्नेछ" भन्ने प्रावधान रहेको हुँदा मुद्दाको पेशीमा सुनवाई हुँदा पक्ष वा निजको प्रतिनिधि उपस्थित भएको वा निजको कानून व्यवसायीले बहस पैरवी गरेको वा पक्ष वा निजको प्रतिनिधिले निर्णयको राय किताबमा सही गरेको भए ऐनको दफा १३४(१) को व्यवस्था बमोजिम पुनरावेदन गर्ने प्रयोजनको लागि पक्षले थाहा पाएको मानिन्छ भनेर अर्थ गर्न हुँदैन। सो दिन मुद्दामा बहस गर्ने कानून व्यवसायीलाई उक्त मुद्दाको निर्णय भएको जानकारी एवं पक्ष वा निजको प्रतिनिधिलाई राय किताबको निर्णय पढाएर सुनाएर निजको सहीछाप भएपनि त्यतिको आधारबाट मात्र पक्ष र निजको कानून व्यवसायीले फैसलालाई खण्डन गरेर पुनरावेदन गर्ने प्रयोजनको लागि विधिवत रुपमा पूर्ण रुपले जानकारी पाएको भन्न मिल्दैन। मुद्दा सुनवाइको दिन पक्ष र कानून व्यवसायीको उपस्थिती र निजको बहस पैरवीको कार्यमा मुद्दामा आफ्नो तर्फबाट आवश्यक थप प्रमाण र आफ्नो पक्षका जिकिरहरु मात्र पेश गरिएको हुन्छ र सोही दिन मुद्दाको निर्णयको यस्तो जानकारीले पक्षलाई पुनरावेदन पत्र लेख्ने कार्यमा सहयोग पुऱ्याउन सक्दैन।

२२. पेशी वा निर्णय सुनाउने दिन मुद्दाको निर्णय सुनाउँदा नै फैसलाको पूर्ण लेख तयार भएको र साथै पक्ष वा निजको प्रतिनिधिले राय किताबमा फैसलाको जानकारी पाएको भनी सहीसमेत गरेको रहेछ भने पनि त्यसलाई पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) को व्यवस्था बमोजिम पुनरावेदन गर्ने प्रयोजनको लागि थाहा पाएको भन्न मिल्दैन। उक्त कानूनी व्यवस्था प्रयोजनको लागि पक्षले फैसलाको थाहा जानकारी पाएको भन्नलाई पक्ष वा निजको प्रतिनिधिलाई सोही दिन फैसलाको पूर्ण लेख नै उपलब्ध गराएको व्यहोरा उल्लेख गरी पुनरावेदनको म्याद सहितको सूचना दिनु पर्ने हुन्छ। पक्षले निर्णय सुनाएको भनी राय किताबमा नै सोही दिन सही गरेको भए पनि यसरी नै फैसलाको पूर्ण लेख सहित निजले पुनरावेदनको म्याद प्राप्त नगरेसम्म निजले संहिताको दफा १३४(१) को कानूनी व्यवस्था बमोजिम पुनरावेदन गर्न जानकारी पाएको मानिदैन। यदि पक्ष वा निजको प्रतिनिधि पेशीमा मुद्दाको सुनवाईको दिन अदालतमा उपस्थित छ सो दिन उसको कानून व्यवसायीले

बहस पैरवी पनि गरेको छ, र राय किताबमा निर्णय सुनी पाए भनी पक्ष वा प्रतिनिधिले सहि पनि गरेको छ भने अर्थात् सो दिन आफू उपस्थित छैन, कानून व्यवसायीले बहस पैरवी मात्र गरेको छ भने पनि फैसलाको पूर्ण लेख तयार भएपछि निजले सोको नक्कल लिएको छ भने उक्त नक्कल लिएको मितिमा मात्र उसलाई फैसलाको पूर्ण लेख बारेमा जानकारी हुने हुँदा निजले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम पुनरावेदन गर्ने प्रयोजनको लागि विधिवत रुपले थाहा जानकारी पाएको मानिन जान्छ। मुद्दाको सुनुवाईको दिन पक्ष वा निजको प्रतिनिधिको उपस्थिति रहेको र कानून व्यवसायीले बहस गरेको भन्ने आधारमा फैसलाको जानकारी प्राप्त भएको मानिने कार्यलाई न्यायिक र युक्तिसंगत मान्न सकिंदैन।

२३. **हदम्यादले नालेश गर्ने म्यादलाई जनाउँछ भन्ने म्यादले मुद्दाका पक्ष व्यक्ति वा साक्षी हाजिर हुने, पुनरावेदन र निवेदन दिने म्यादलाई जनाउने गर्दछ। म्यादले न्यायिक उपचार लिने मार्गलाई सुनिश्चित गर्दछ र गर्ने हुनु पर्दछ। हद म्याद र म्यादको सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गरेको छ भने त्यसलाई नै अनुशरण गर्नु पर्दछ। यदि त्यसबारे कानूनमा उल्लेख गरिए पनि त्यो स्पष्ट छैन, त्यस बारेमा दफा र उपदफाका व्यवस्थाहरु बीच असामञ्जस्यता र द्विविधायुक्त छ भने त्यसलाई सामञ्जस्यपूर्ण र व्यवहार उपयोगी हुने गरी कार्यान्वयन पक्षमा लैजानु पर्दछ। त्यसो गर्दा पक्षले म्यादको बारेमा विधिवत रुपमा समय मै जानकारी पाएर त्यस अगाडिको न्यायिक र फैसला कार्यान्वयन गर्ने कार्यलाई लम्ब्याउने आसयले छल कपट र धोखापूर्ण कार्य गरेको छ छैन? भनी हेर्न जरुरी छ।**

२४. निर्णय भएको दिनमा थाहा पाएको मानिने कानूनी प्रावधानको आशय निर्णयकर्ताले निर्णय भएको दिनमा नै फैसला वा निर्णयको प्रतिलिपि उपलब्ध गराइएको हुनु पर्दछ भनी सर्वोच्च अदालतबाट (ने.का.प. २०७४, नि.नं. ९८४२, पृ.१२२०) सिद्धान्त समेत प्रतिपादन भएको छ। पुनरावेदन गर्न पाउने पक्षको अधिकार हो। कानूनतः पुनरावेदन लाग्ने वा थप उपचारमा निवेदन दिन पाउने मुद्दामा भएको फैसला चित्त नबुझेको विषयमा माथिल्लो तहबाट उपचार प्राप्त गर्ने अवसर प्रदान गर्दछ। यसरी पुनरावेदन वा सो सरहको निवेदन दिनको लागि फैसलामा ग्रहण गरिएका आधारहरु बारे प्रारम्भ मै जानकारी लिएर थप उपचारको लागि अगाडि बढ्न कानूनी परामर्श समेत लिन सक्ने पूर्ण अवस्था विद्यमान भएको हुन पर्दछ। मुद्दाको पेशीको दिनको

सुनवाईमा पक्ष वा निजको प्रतिनिधि र बहस पैरवीको लागि कानून व्यवसायी उपस्थित भएको र साथै पक्षले निर्णय सुनी थाहा पाएको भनी राय किताबमा सही गरेको नाताले पक्षले फैसलाको जानकारी पाएको मान्ने हो भने पक्ष यी सबै अवसरहरुबाट बञ्चित हुन पर्ने अवस्था आउँछ। **कानूनी प्रावधानलाई शाब्दिक र यान्त्रिक रुपमा मात्र नभै न्यायको याचकलाई उसले न्याय प्राप्त गर्ने अधिकारको पूर्ण प्रत्याभूतिको साथै युक्तियुक्त र व्यवहारिक रुपमा फलदायी र हितकारी हुने गरी व्याख्या र कार्यान्वय गरिनु पर्दछ।** मुद्दामा फैसला वा निर्णय भएको जानकारी प्राप्त भएको मानिने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(४), (५) र दफा १३४ को (१), (३) र (४) को प्रावधानलाई शाब्दिक अर्थमा एक पक्षीय रुपबाट मुद्दाका पक्षहरुलाई मात्र लागु हुने गरी हेर्न, व्याख्या गर्न र बुझ्न हुँदैन, त्यससंग निर्णय हुँदा कै दिन वा यथासमयमा नै निर्णय गर्ने पदाधिकारी एवं निकायले फैसलाको पूर्ण लेख तयार गर्नु पर्ने आफ्नो जिम्मेवारीप्रति समेत अनदेखा गर्न कानूनी रुपमा मिल्ने देखिँदैन। उपरोक्त कानूनी व्यवस्था बमोजिम पुनरावेदन वा सो सरहको निवेदनको कानूनी मार्ग फैसलाको पूर्ण लेख प्राप्त गरेको अवस्थामा मात्र अगाडि बढ्न सक्ने हुँदा मुद्दामा निर्णय भएको दिनमा पक्ष, निजको प्रतिनिधि वा कानून व्यवसायीलाई विधि सम्मत तरिकाले उचित म्याद सहितको फैसलाको पूर्ण लेख उपलब्ध गराइएको अवस्थामा मात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३) बमोजिम पक्षले फैसला भएको भनी थाहा पाएको मानिने विधायिकी आसय रहेको देखिन्छ।

२५. **कार्यविधिगत कानूनले पनि निश्चित प्रक्रियाहरु निर्धारण गर्ने हुँदा कानूनले व्यवस्था गरेका ती प्रक्रियाहरु मालाकार कडीको रुपमा श्रृङ्खलाबद्ध भएर एक अर्को कानूनी व्यवस्थासँग जोडिएर त्यसबाट मुद्दाका पक्षले व्यवहारमै उपयोग र कार्यान्वयन गर्न सक्ने हुनु पर्छ। पक्षलाई फैसलाको पूर्ण लेखको जानकारी नहुने र त्यो विना नै केवल फैसलाको जानकारी मात्र पाएको भन्ने आधारमा पक्षको उक्त फैसला उपर पुनरावेदन गर्ने म्याद गुज्रने अवस्था हुन गए फैसलाको पूर्ण लेख विना फैसलाको जानकारी पाएको भन्ने कानूनी व्यवस्थाले पक्षको हक र हितलाई संरक्षण गर्न केही पनि मद्दत हुन सक्दैन।** त्यस कारणले फैसलाको जानकारी पाएको भन्ने कानूनी व्यवस्थालाई कार्यविधिगत रुपमा फैसलाको **"पूर्ण लेख"** को पुनरावेदनको म्याद सहित वा सोको नक्कल उतारेपछि प्राप्त गरेको जानकारीलाई मात्र कानूनी रुपमा जानकारी पाएको

मानिन जान्छ। यस अवस्थामा मात्रै व्यक्तिको पुनरावेदन गर्ने हक सुरक्षित र क्रियाशील हुन गई नेपालको संविधानको धारा २०(९) बमोजिम सक्षम र स्वतन्त्र निकायबाट नागरिकको न्याय प्राप्त गर्ने अधिकारको संरक्षण र साथै कार्यान्वयन समेत हुन सक्दछ।

२६. कानून व्यवसायी र पक्षको बीचको सम्बन्ध करारीय सम्झौताबाट जोडिएको हुन्छ। पारिश्रमिक लिएर पक्षलाई कानूनी सेवा उपलब्ध गराउने कानून व्यवसायी र पक्ष बीच मुद्दाको पैरवीको लागि कुन तहसम्मको अख्तियारी पाएको हुन्छ, सो कुरा वकालतनामाबाट नै स्पष्ट हुन् आवश्यक पर्छ। पक्षको तर्फबाट एक तहको अदालतमा कानून व्यवसायीबाट गरिने प्रतिरक्षाले मुद्दाको फैसलापछि फैसलाको नक्कल लिएर वा पुनरावेदनको म्याद बुझेर पुनरावेदन गर्ने अधिकार हुन्छ भन्ने कुराको पनि वकालत वा अख्तियारनामामा उल्लेख भएको व्यहोराबाट नै स्पष्ट हुने गर्दछ। वारेसले वा कानून व्यवसायीले फैसलाको नक्कल लिएर वा म्याद बुझेर पुनरावेदन नगरिदिएर पुनरावेदनको म्याद समाप्त भएको अवस्थामा पक्षले वारेस वा कानून व्यवसायीलाई फैसलाको नक्कल लिएर वा म्याद बुझेर पुनरावेदन गर्ने अख्तियारी नै प्रदान गरेको थिइन, वा पुनरावेदनको म्याद बुझेर वारेस वा कानून व्यवसायीले मलाई जानकारी नै नदिएर मेरो पुनरावेदन गर्ने म्याद गुजारी दियो भन्ने पक्षहरुको जिकिर रहने गरेको र यसको आधारबाट पक्षले पुनः पुनरावेदनको म्याद पाउने पनि गरेको पाइन्छ। पक्षले अर्को तहको अदालतमा सोही कानून व्यवसायीलाई नै निरन्तरता दिनको लागि पक्षले निजलाई नै पुनः मुकरर गरेको हुनु पर्दछ। यस अवस्थामा कानून व्यवसायीले पक्षको तर्फबाट फैसलाको नक्कल लिएर वा म्याद बुझेर म्यादभित्रै पुनरावेदन गरिदिएमा कुनै विवाद आउँदैन, तर पुनरावेदन गरिदिएनन् भने त्यो समयमा निजका पक्षका कानून व्यवसायी निरन्तर रुपमा रही रहेका थिए थिएनन्? वा निजलाई फैसलाको नक्कल उतार्ने र म्याद बुझेर पुनरावेदन गर्ने अख्तियारी थियो थिएन? भन्ने सम्बन्धमा कानूनी रुपमा नै प्रश्न उठ्ने हुँदा यसलाई कानूनको आधारमा नै निर्क्यौल गर्नु पर्ने हुन्छ। कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ बमोजिमका कानून व्यवसायीले पक्षको तर्फबाट उपस्थित हुने, बहस पैरवी गर्ने र बहस गर्ने अधिकार राख्दछ। सर्वोच्च अदालतबाट गौरीशंकर साहको मुद्दामा (सर्वोच्च अदालतको बुलेटिन २०६९, पू.४७७, पृ.३४) कानून व्यवसायी र निजलाई नियुक्ति

गर्ने पक्ष बिचको सम्बन्ध करारीय प्रकृतिको भएको भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यस आधारबाट निर्क्योल गर्दा एक तहको अदालतमा मुद्दामा प्रतिनिधित्व गर्ने वा प्रतिरक्षा गर्न नियुक्त गरिएको वारेस वा कानून व्यवसायीको पक्षप्रतिको जिम्मेवारी कानूनी रुपमा उक्त मुद्दाको फैसलापछि स्वतः समाप्त हुने हुँदा निजलाई फैसलाको नक्कल उतारेर वा म्याद बुझेर पुनरावेदन गर्न पनि अख्तियारी प्रदान गरिएको छैन भने निजहरुले उक्त फैसलाको नक्कल उतारेको वा म्याद बुझेकै आधारबाट पक्षको पुनरावेदन गर्ने म्याद शुरुवात् हुने र निजहरुले फैसला उपर पुनरावेदन नगरिदिएमा पक्षको पुनरावेदनको म्याद जाने हुँदैन। फैसलापछि पनि वारेस वा कानून व्यवसायीले फैसलाको नक्कल लिएर वा म्याद बुझेर पक्षलाई जानकारी गराएको भन्ने तथ्य प्रमाणबाट नै पुष्टि नभएसम्म यस चरणमा मुद्दाको कारवाहीबाट वारेस र कानून व्यवसायीको दायित्व समाप्त हुने हुँदा दायित्व समाप्त भएको अवस्थामा पक्षले स्वीकारेमा वाहेक वारेस वा कानून व्यवसायीले फैसलाको नक्कल लिने र पुनरावेदनको म्याद बुझ्ने आदि जस्ता कुनै पनि कामबाट पक्षको नोक्सानी र अहित हुने भएमा त्यस चरणको वारेस र कानून व्यवसायीको त्यस्तो कार्यलाई जबरजस्तीको रुपबाट (Forcefully) मान्यता दिन मिल्ने देखिँदैन। फैसलाको नक्कल उतारेर वा म्याद बुझेर पुनरावेदन पनि नगरिदिने र त्यसबारे पक्षलाई कुनै जानकारी पनि नगराएर म्याद गुज्रिएर पक्षलाई पर्न गएको हानी नोक्सानीमा पक्षले कानूनी आधारमा त्यस्ता कानून व्यवसायी र वारेसलाई जिम्मेवार ठहऱ्याउने हक भने पक्षमा सुरक्षित नै रही रहेको हुन्छ। अतः मुद्दाको पेशीका दिनको सुनवाईमा कानून व्यवसायी उपस्थित भै बहस पैरवी गरेको र पक्ष वा निजको प्रतिनिधिले राय किताबमा सही गरेकै कारणले पक्षले फैसलाको जानकारी पाएको र त्यसको आधारमा कानूनको म्यादभित्रै पुनरावेदन गर्नु पर्छ भन्ने तर्कलाई जायज र न्यायोचित भन्न मिल्दैन।

२७. उपरोक्त बुँदा नं.३ बमोजिम पक्षले पुनरावेदन गर्ने म्याद कसरी कहिले प्राप्त गरेको मानिन जान्छ भन्ने सम्बन्धमा बिचार गर्दा, निवेदक/प्रतिवादी भएको बैंकिङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।६।५ मा निर्णय सुनाएको र मिति २०७६।७।५ मा फैसलाको पूर्ण लेखको प्रमाणिकरण भएपछि निवेदकले मिति २०७७।७।१८ मा आफ्नै कानून व्यवसायी अधिवक्ता तेजकुमारी अधिकारीबाट फैसलाको प्रमाणित नक्कल लिई मिति २०७७।८।३ मा यस अदालतमा पुनरावेदन

दर्ता गर्न दिएकोमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३४(३) बमोजिम कानून व्यवसायी बहसमा उपस्थित भएकोले फैसला प्रमाणिकरण भएको दिन थाहा पाएकोले सोको म्यादभित्र दायर हुन नआएको र साथै फैसला भएको १ वर्ष पुरा भएको दिनमा थाहा पाएको भनी सो दिन अर्थात् पुनरावेदन दर्ता गर्न फैसला प्रमाणिकरण भएको १ वर्ष मिति २०७७।७।५ गतेभित्रै पुनरावेदन गर्नु पर्नेमा सो अवधि नाघि दर्ता गर्न पेश गरेको भन्ने दुई आधारमा सहरजिष्ट्रारबाट उक्त पुनरावेदनपत्र दरपीठ भएको देखिन्छ।

२८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (४) ले फैसला थाहा पाएको मितिले कहिले प्रारम्भ हुने हो भन्ने सम्बन्धमा व्यवस्था गरेको छ। फैसला थाहा पाउने सम्बन्धमा यस दफाको अन्य प्रावधानमा जे सुकै लेखिएको भए तापनि फैसला भएको एक वर्षको अवधि नाघेपछि पक्षले स्वतः थाहा पाएको मानिने व्यवस्था छ। यो अवधि निर्णय सुनाएको वा फैसला प्रमाणिकरण भएको मितिबाट प्रारम्भ हुने हो? होइन? त्यसबारे कानूनमा स्पष्ट छैन। कानूनमा फैसला भएको मितिले एक वर्ष पछि स्वतः थाहा पाएको मानिने भन्ने व्यहोराले पक्षको पुनरावेदन गर्ने म्याद निर्णय सुनाएको वा फैसलाको प्रमाणिकरण भएको मितिदेखि नभै फैसलाको पूर्णलेख तयार भै प्रमाणिकरण भएको दिनबाट एक वर्ष व्यतित भएपछि नै प्रारम्भ हुने देखिन्छ। पक्षले फैसलाको पूर्ण लेख तयार भएपछि मात्र नक्कल पाउने अवस्था हुने हुँदा फैसलाको पूर्ण लेख तयार हुनु अघि निर्णय भएको दिनलाई फैसला भएको अवस्था मान्न सक्ने स्थिति देखिन आउँदैन। ऐनको दफा १३४(३) बमोजिम निर्णय हुँदाको दिन नै फैसलाको पूर्ण लेखको प्रति संलग्न राखी पक्ष वा प्रतिनिधिलाई म्याद सहित जानकारी नदिएको वा पक्ष वा प्रतिनिधिले फैसलाको नक्कल उतारेर जानकारी प्राप्त नगरेमा फैसला भएको मितिले एक वर्षपछि स्वतः थाहा पाएको मानिने भनी कानूनले अनुमान गरेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (४) को प्रावधानलाई उक्त दफाका अन्य प्रावधानहरुले निस्तेज (override) गर्न सक्दैन। पक्षले पुनरावेदन गर्ने म्याद कहिलेबाट प्रारम्भ हुन्छ भन्ने सम्बन्धमा ऐनको दफा १३४(४) को प्रावधान नै पक्षको हितको सन्दर्भमा सर्वोत्तम प्रावधान हो। उक्त प्रावधान अनुसार निवेदक प्रतिवादी भएको बैंकिङ्ग कसूर मुद्दाको फैसला मिति २०७६।७।५ मा प्रमाणित भएकोले पक्षले मिति २०७७।७।४ सम्ममा विधिवत

रुपमा थाहा जानकारी नपाएमा सो अवधिपछि स्वतः थाहा पाएको मानिने र सोको भोलिपल्ट अर्थात् मिति २०७७।७।५ गतेदेखि ऐनको दफा १३४(१) बमोजिम पुनरावेदन गर्ने म्याद प्रारम्भ हुने हुँदा यी निवेदकले मिति २०७६।७।५ मा प्रमाणिकरण भएको फैसलाको नक्कल वर्ष दिनपछि मिति २०७७।७।१८ गते कानून व्यवसायी मार्फत् नक्कल लिएर थाहा पाएको भनी मिति २०७७।८।३ मा दर्ताको लागि पेश गरेको पुनरावेदनपत्र ऐनको दफा १३४(४) ले व्यवस्था गरेको म्यादभित्र नै रहको देखिन आउँछ। दरपीठ भएको पुनरावेदनपत्र उपर कानून बमोजिमको उपचार प्राप्त गर्ने कारवाही निरन्तर रहिरहेको अवस्थालाई पुनरावेदनपत्र दर्ताको कारवाहीको श्रृङ्खला नै मान्नु पर्ने हुन्छ। यसरी पुनरावेदनपत्र दर्ता हुन नसकी भएको दरपीठ उपर सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १० बमोजिम उपचारको कारवाही निरन्तर रही रहेको अवस्थामा सोको निकास नहुँदै जरिवानाको लगत असुल गर्ने गरी निवेदकलाई पक्राउ गरी थुनामा राख्ने गरेको कार्य कानूनको प्रतिकूल रहेको देखिन आयो।

२९. अतः माथि विवेचित आधार कारणबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(४) ले फैसला भएको मितिले एक वर्षपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने हुँदा यस कानूनी व्यवस्था बमोजिम पक्षले वर्ष दिनभित्र नक्कल सारेको वा निजको वारेस वा कानून व्यवसायीले नक्कल उतारेको कार्यलाई पक्षले स्वीकारेको अवस्थामा वाहेक "एक वर्षभित्र पक्षले रितपूर्वक थाहा जानकारी नपाएमा सो एक वर्ष अवधि व्यतित भएका दिनदेखि सोही संहिताको दफा १३४(१) मा उल्लेखित व्यवस्था बमोजिम स्वतः "**थाहा पाएको**" मानिने भन्ने आधारमा म्याद गणना गरी पुनरावेदन गर्ने म्याद कायम गर्नु पर्ने देखिन आउँदा प्रस्तुत मुद्दामा निवेदकले मिति २०७६।७।५ मा प्रमाणिकरण भएको फैसला सोही ऐनको दफा १३४(१) र (४) ले व्यवस्था गरेको एक वर्ष मिति २०७७।७।४ गतेको अवधिपछि स्वतः थाहा पाएको भनी सो म्यादभित्रै दायर गर्न ल्याएको पुनरावेदनपत्रलाई यस अदालतको सहरजिष्ट्रारबाट मिति २०७७।८।३ मा गरिदिएको दरपीठलाई कानून सम्मत मान्न मिल्ने नदेखिंदा उक्त दरपीठ आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।

३०. अतः निवेदकले म्यादभित्रै ल्याएको पुनरावेदनपत्र दर्ता नगरी दरपीठ गरिदिएको र निवेदकलाई बैंकिङ्ग कसुर मुद्दामा लागेको जरिवाना तिर्न नसकेको कारणले निवेदकलाई थुनामा राख्ने गरेको कार्य गैरकानूनी भएको देखिँदा निवेदकलाई गैर कानूनी थुनाबाट आजै छाडी दिने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदक/बन्दी संक्षिप्त आदेशबाट मिति २०७९।०१।०९ गते नै थुनामुक्त भई सकेको देखिँदा केही गरिरहन परेन। प्रस्तुत आदेश विद्युतिय प्रणालीमा अपलोड गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : अनु याकामी
कम्प्युटर : अमिररत्न महर्जन
इति सम्वत् २०७९ साल वैशाख ८ गते रोज ५ शुभम्.........................................।